## <u>निर्णयहरु</u>

१. झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा मिति २०७८ माघ गते उपाध्यक्षज्यूको अध्यक्षतामा वसेको वैठकको निर्णय अनुमोदन गरी झोलुङ्गे पुल निर्माण कार्यलाई प्रभावकारी वनाउने ।

२. पत्र पत्रिकामा प्रकाशित सूचना विज्ञापनको भुक्तानी सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल हुँदा यस कार्यालयको अनुमती विना प्रकाशन प्रशारण भएको सूचना भुक्तानी सम्बन्धी कार्यलाई नियन्त्रण गर्ने व्यवस्था मिलाउने ।

३. विभिन्न व्यक्ति संघसंस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा यसै साथ संलग्न लिष्ट बमोजिम व्यक्ति तथा संस्थालाई आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४. रिक्त दरबन्दीमा पदपूर्ती गर्ने सम्बन्धमा ।

**निर्णय** : यस गाउँपालिकाको स्विकृत दरबन्दी अनुसार रिक्त दरबन्दी पदपूर्तीको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृती फारम लेखी पठाउने । कर्मचारी आभावको कारण कामकाजमा बाधा भइ सेवा प्रवाहमा असजता भएको अवस्थामा सेवा करार गरी कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउने व्यवस्था मिलाउने ।

५. सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएको समस्याका सम्बन्धमा ।

**निर्णय** : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु फर्वाड फिड लगायतको विवरणमा केही त्रुटी देखिन आएकोले एम आइ एस अपरेटर र फिल्ड सहायक पदमा कार्यरत कर्मचारीहरुलाई स्थलगत रुपमा खटाइ पठाइ त्रुटीजन्य कार्यहरु सुधार गरेपछि मात्र सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई आगाडी वढाउने ।

६. एम आइएस अपरेटर र फिल्ड सहायकको तलब भत्ताको सम्बन्धमा प्रतिवद्धता सम्बन्धमा ।

**निर्णय** : राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको चनं १२०४ मिति २०७८।०९।२७ को पत्रबाट माग भए बमोजिमको प्रतिवद्दता गरी लेखी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

७. संस्था दर्ता ऐनको मस्यौदा तयार गर्ने सम्बन्धमा ।

**निर्णय** : यस गाउँपालिकामा संस्था दर्ता गर्नको लागि संस्था दर्ता ऐनको मस्यौदा तयार गर्ने प्रक्रिया आगाडी वढाउने ।

८. कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पदभार अनुसार तलब सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय** : यस कार्यालयमा कार्यरत हलुका सवारी चालक र जेसिबी चालकलाई नेपाल सरकारले निर्धारण गरे बमोजिमको स्केलमा तलब भत्ता उपलब्ध गराउने ।

९. प्रहरी चौकीमा सिसि क्यामरा जडान तथा व्यवस्थापन खर्च सम्बन्धमा ।

**निर्णय :** जिल्ला प्रहरी कार्यालय सुनसरीको च.नं. ८६९ मिति २०७८।०७।२९ को पत्रबाट माग भए बमोजिम सिसि क्यामरा जडान तथा कार्यालय व्यवस्थापन (किचन कोठा इन्चार्ज कोठा र खानेपानी लगायत) सम्बन्धी कार्य यस पालिकाबाट खर्च व्यहोर्ने गरी गर्न गराउन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई निर्देशन गर्ने ।

१०. गाउँपालिकाबाट संचालित योजना, कार्यक्रम तथा निर्माण कार्यलाई प्रभावकारी वनाउने सम्बन्धमा ।

**निर्णय :** यस गाउँपालिकाबाट कार्यान्वयनमा रहेको योजना तथा निर्माण कार्यको अनुगमन निरीक्षण गरी गुणस्तरीय निर्माण कार्य गराउनको लागि प्राविधिक शाखामा दरबन्दी अनुसारको कर्मचारी नभइ कामकाजमा समस्या भइ रहेकोले देहाय बमोजिमको वडास्तरीय अनुगमन तथा निरीक्षण समिति गठन गरी उक्त समिति मार्फत अनुगमन निरीक्षण गर्ने सो सम्बन्धी प्रतिवेदन सप्ताहिक रुपमा गाउँपालिकामा पेश हुने व्यवस्था मिलाउने।

<u>देहाय</u>

| | | |
|---|---|---|
| १ | संयोजक | सम्बन्धित वडाको वडाध्यक्ष |
| २ | सदस्य | संयोजकले तोकेको वडासदस्य |
| ३ | सदस्य | संयोजकले तोकेको वडासदस्य |
| ४ | सदस्य | संयोजकले तोकेको वडासदस्य |
| ५ | सदस्य सचिव | वडासचिव |

११. पुनः करार सम्झौता गर्ने सम्बन्धमा ।

**निर्णय :** यस गाउँपालिका वा मातहतको निकायमा कार्यरत कर्मचारीहरुको करार सम्झौताको म्याद समाप्त भइ सकेकोले निजहरुसँग पुनः करार सम्झौता गरी कामकाजमा खटाउने व्यवस्था मिलाउने ।

१२. हिउँदे गाउँसभा सम्बन्धमा ।

**निर्णय :** यस गाउँपालिकाको हिउँदे गाउँसभा मिति मा गाउँपालिकाको सभाहलमा मिति २०७८ फागुन २३ गते संचालन गर्ने व्यवस्था मिलाउने ।

१३. किशोरी किट र मर्यादा किट वितरण सम्बन्धमा ।

**निर्णय :** नेपाल रेडकर्स सोसाइटी र UNFPA बाट प्राप्त भएको किशोरी किट र मर्यादा किट लगायतको सामाग्रीहरु देहाय बमोजिम वितरण गर्ने व्यवस्था मिलाउने ।

१४. प्रोत्साहन भत्ता सम्बन्धमा ।

**निर्णय** : यस गाउँपालिकाको काममा कार्यालय समयभन्दा अतिरिक्त समय कामकाजमा खट्ने कर्मचारीहरुलाई अतिरिक्त समय कामकाज गरे वापत देहाय बमोजिमको अतिरिक्त सुविधा उपलब्ध गराउने ।

<u>देहाय</u>

<table>
<tr><th>पद</th><th>अतिरिक्त समय</th><th>अतिरिक्त समय कामकाज गरेवापत उपलब्ध हुने सुविधा</th><th>कैफियत</th></tr>
<tr><td>प्रमुख प्रशासकीय अधिकृत</td><td rowspan="4">कार्यालय समय भन्दा अघि र पछि गरी २ घण्टा वा सो भन्दा वढी सरकारी कामकाज गरे वापत</td><td>५००</td><td rowspan="4">अतिरिक्त समय कामकाज गरेको अभिलेख प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी भुक्तानीका वखत गोश्वारा भौचर साथ संलग्न राख्नु पर्ने</td></tr>
<tr><td>अधिकृत स्तर</td><td>४००</td></tr>
<tr><td>सहायक स्तर</td><td>३५०</td></tr>
<tr><td>श्रेणीविहिन</td><td>३००</td></tr>
</table>

१५. विभिन्न कार्यविधि निर्देशिका पारित गर्ने सम्बन्धमा ।

**निर्णय** : देहाय बमोजिमका कार्यविधि निर्देशिका उपर वृहत रुपमा दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१. भोक्राहा नरसिंह गाउँपालिकाको विधायन समिति (गठन तथा संचालन) कार्यविधि, २०७८

२. भोक्राहा नरसिंह गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथ संचालन) कार्यविधि, २०७८

२. भोक्राहा नरसिंह गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा सिमिति (गठन तथा संचान) कार्यविधि २०७८

३. भोक्राहा नरसिंह गाउँपालिका बजार अनुगमन निर्देशिका, २०७८

४. सुरक्षित आप्रवासन सम्बन्धि कार्यविधि, २०७८

१६. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा सार्वजनिकिकरण गर्ने सम्बन्धमा ।

**निर्णय** : यस गाउँपालिकाको आब ०७७।०७८ को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनको <u>नतिजा सार्वजनिकिकरण गर्ने</u> ।